कालीगण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विर्घा, स्याङ्जा
स्थापित २०७३

पत्र संख्या : २०७७/०७८
चलानी नं :

गण्डकी प्रदेश, नेपाल
मिति २०७८/०१/१४

# सहकारी मार्फत उद्यमशिलता विकास तालिम सम्बन्धी प्रस्ताव आह्वानको सूचना !!!

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय सिंहदरबारको सशर्त अनुदानको रुपमा यस गाउँपालिकाको आ.व. ०७७/०७८ को वार्षिक कार्यक्रम अनुसार स्याङ्जा जिल्लामा सहकारीमा आधारित उद्यमशिलता विकास तालिम सञ्चालन गर्ने कार्यक्रम रहेकोले यो सूचना प्रकाशित भएको मितिले १० दिन भित्र तपसिल बमोजिमको शर्त भित्र रहेर तालिम सञ्चालन गर्न इच्छुक स्याङ्जा जिल्ला स्थित सबै संस्थाहरुले गाउँपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्न सूचना प्रकाशित गरिएको छ ।

- प्रस्तावक सहकारी संस्था स्याङ्जा जिल्ला अन्तर्गत दर्ता भएको र स्याङ्जा जिल्ला कार्य क्षेत्र भएको हुनुपर्नेछ ।
- महिला, दलित र विपन्न वर्ग तथा श्रमजीवीहरुद्वारा सञ्चालित सहकारीलाई प्राथमिकता दिइनेछ ।
- प्रस्तावमा स्पष्ट रुपमा तालिम, तत्सम्वन्धी आवश्यक सामग्री, व्यवसाय सुरु गर्ने प्रतिवद्धता र सोको खाका सुनिश्चतता हुनुपर्नेछ ।
- सहकारी संस्थाले पेश गरेको प्रस्तावमा विषय अनुसार आफूसँग भएको पूर्वाधार र संभाव्यता स्पष्ट रुपमा खुलाएको हुनुपर्नेछ ।
- प्रस्ताव पेश गर्दा इमेल मार्फत पनि पेश गर्न सकिनेछ ।

## प्रस्ताव पेश गर्न सकिने क्षेत्र तथा विषयवस्तुहरुः

- मौरीपालन तालिम र आवश्यक उपकरण वितरण
- सस तथा अचार उत्पादन तालिम र आवश्यक उपकरण वितरण
- हस्तकला (माटोको भाँडा बनाउने) तालिम र आवश्यक उपकरण वितरण
- सामुहिक तरकारी खेती र आवश्यक उपकरण वितरण
- च्याउ खेती र आवश्यक उपकरण वितरण
- गाई/भैंसी, बंगुरको श्रोत केन्द्र स्थापना
- उन्नत घाँसको श्रोतकेन्द्र स्थापना
- भोल साबुन र सेनिटाइजर उत्पादन
- पाउडर साबुन उत्पादन
- सेनेटरी प्याड उत्पादन
- खाद्यान्न तथा मसलाबाली प्रशोधन उद्योग स्थापना
- व्यावसायिक फुलबारी नर्सरी तालिम तथा सामग्री वितरण

## प्रस्ताव साथ संलग्न हुनुपर्ने कागजातहरुः

- सहकारी दर्ताको प्रमाणपत्रको प्रतिलिपि

# कालीगण्डकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**बिर्घा, स्याङ्जा**
**स्थापित २०७३**

पत्र संख्या : २०७७/०७८
चलानी नं :

गण्डकी प्रदेश, नेपाल
मिति २०७८/०१/१४

- आ.व. ०७६/७७ को लेखापरिक्षणको प्रतिवेदन
- सञ्चालक समितिको निर्णय
- स्थानीय तहको सम्वन्धित वडाको सिफारिस
- सहकारी संघमा आवद्धताको प्रतिलिपि

## प्रस्ताव पेशका शर्तहरु:

- तालिम पश्चातको व्यावसायीकरण सम्मको सुनिश्चितता हुनुपर्ने ।
- तालिम आवश्यकता अनुसार बढीमा १ महिनासम्मको हुनुपर्नेछ ।
- तालिम सञ्चालन गर्दा वर्तमान स्वास्थ्य चुनौतीलाई ख्याल गरी स्वास्थ्य मापदण्डहरुको पालना गर्नुपर्नेछ ।
- तालिमको श्रोत व्यक्तिको व्यक्तिगत विवरण र प्रमाण पत्रहरु साथमा पेश गर्नुपर्नेछ ।
- यस अघि यस प्रकृतिका तालिम सञ्चालन गरेको अनुभव भएमा सो को प्रमाण र प्रगति विवरण गर्नुपर्नेछ ।
- तालिममा प्रयोग गरिने कच्चा पदार्थको प्राप्तिको सुनिश्चितता पेश गर्नुपर्नेछ ।
- तालिम कहिले, कहाँ, कसरी र ककसलाई सञ्चालन गर्ने हो सो को विधि सहित पेश गर्नुपर्नेछ ।
- संस्थागत हितलाई ध्यानमा राखी प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने अधिकार कार्यालयको हुनेछ ।
- तालिम सञ्चालनको अनुगमन गाउँपालिका र जिल्ला सहकारी सघंको संयुक्त टोली वा छुट्टाछुट्टै पनि गर्न सकिनेछ ।
- प्रस्ताव स्वीकृत भएका सहकारीहरुका लागि तालिम सञ्चालन देखि व्यावसायीकरण सम्मको लागि बिल भरपाई, अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात सहकारीको बैंक खाता मार्फत भुक्तानी हुनेछ ।
- कुनै एक तालिममा सहभागीको संख्या २० जना भन्दा नबढ्ने गरी हुनुपर्नेछ ।
- प्राविधिक र आर्थिक प्रस्ताव एकै साथ पेश गर्दा आवश्यकता अनुसार बढीमा १० लाख सम्मको प्रस्ताव पेश गर्न सकिने छ ।

सम्पर्क नं. ९८४६०२१७१०, ९८४६०४०६६०

दिनेश ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

Email: kaligandakiruralmunicipality@gmail.com, Website: www.kaligandaki...